# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### धनगढी,कैलाली,७ नं. प्रदेश,नेपाल

राजश्व ०७५।०७६
च.नं.

विषय :- कृषिजन्य बस्तुहरूको कर संकलन गर्ने कार्य ठेक्कामा दिने सम्बन्धि सूचना ।

दोश्रो पटक प्रकाशित मिति: २०७५।७।४

यस धनगढी उपमहानगरपालिकामा अन्य स्थानबाट भित्रिने र यस उपमहानगरपालिकाबाट बाहिरिने ब्यापारिक प्रयोजनका **कृषिजन्य बस्तुहरूमा धनगढी उपमहानगरपालिकाको आर्थिक** ऐन, २०७५ को दफा (१४) बमोजिम कर संकलन गर्न सक्ने प्रावधान बमोजिम १(एक) बर्षका लागि यस उप-महानगरपालिकाबाट तोकिएको दररेट बमोजिम कर संकलन गर्न चाहने ईच्छुक फर्म वा संघ संस्थाको जानकारीको लागि पहिलो पटक निकालिएको सूचना अनुसार परेको सिलबन्दी बोलपत्र स्वीकृत गरी प्रकृया अगाडि बढाएकोमा स्वीकृत बोपत्रदाता तोकिएको समय भित्र सम्झौता गर्न नआएकोले पुनः दोश्रो पटकका लागि यो १५ दिने सिलबन्दी बोलपत्र आहवानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलका शर्तहरू

१। न्यूनतम ठेक्का अंक रू १,५०,००,०००।( एक करोड पचास लाख मात्र) नै कायम गरिएको छ ।
२। ठेक्काको अवधि ठेक्का स्वीकृत भै सम्झौता गरेको मितिले एक बर्षका लागि कायम रहने छ ।
३। तोकिएको सिमाभन्दा बाहिर गई कर असुली गरिएको जानकारी वा प्रमाण फेला परेमा यस यस कार्यालयले जुनसुकै अवस्थामा पनि ठेक्का सम्झौता रद्द गर्न सक्नेछ । तोकिएका सिमा नाकाहरू यस प्रकार छन । सिमा भन्सार नाका,सिमा नाका धनगढी-गोदावरी,सिमा नाका धनगढी-कैलारी,सिमा नाका धनगढी-कृष्णपुर न.पा. र धनगढी-गौरीगंगा सिमा नाकाबाट मात्र कर संकलन गर्ने ।
४। वोलपत्र मिति २०७५।७।१८ गते कार्यालय समय भित्र राजश्व शाखाबाट रू ३०००। फिर्ता नहुने गरी खरीद गर्न सकिने छ ।
५। वोलपत्र मिति २०७५।७।१९ गते दिनको १२ बजेभित्र पेश गरिसक्नु पर्नेछ । वोलपत्र मिति २०७५।७।१९ गते दिनको २.०० वजे खोलिने हुंदा सो समयमा वोलपत्रदाता वा निजले तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्नेछैन ।
६। वोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परे लगतै कार्यालय खुलेको दिन सो सम्बन्धी काम हुने छ
७। धरौटी वापत कबोल गरेको अङ्कको ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक,धनगढी, कैलाली स्थित धरौटी खाता हिसाव नं. ४१७०३०३००७१०२ मा नगद दाखिला गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा १२० दिन म्याद भएको मान्यता प्राप्त बैंकको जमानत (बिड बण्डको सक्कल प्रति) दरभाउपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ ।
८। वोलपत्र दाताले कवोल गरेको ठेक्का अंक वरावरको नगद रकम वा नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्वारा ठेक्का अवधिसम्मको लागि जारी गरिएको परफरमेन्स वण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टापुर्जी प्रदान गरिनेछ ।
९। ठेक्का स्वीकृत भएपछि ठेक्का रकम बराबर ४ किस्ता गरी सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाकी किस्ताको रकम तीन तीन महिनाको एकमुष्ट अग्रिम रूपमा बुझाउनु पर्ने छ ।
१०। वोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ ।
११। यस कार्यालयबाट प्रमाणित नगरी बिक्री भएको,म्याद नाघी आएको वोलपत्र माथि कुनै कारवाही हुने छैन
१२। जुनसुकै अवस्थामा बजार वन्द हुनगएमा वा व्यापारिक संख्या घट्न गएमा सो अवधिको ठेक्का अंकमा छुट को लागि हकदावी गर्न पाईने छैन ।
१३। ठेक्कामा कुनै विवाद भएमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ र यस ठेक्काको सूचना यस कार्यालयको सूचना पाटी र वेभसाईट www.dhangadhimun.gov.np मा राखिएको छ ।
१४। वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र राजश्व शाखामा सम्पर्क राख्न सकिने छ ।

प्रशासकीय अधिकृत